बैठक संख्याः ७२

आज मिति २०८२ साल पुस ६ गते आइतबार दिनको २:०० बजे देहायका विषयहरूमा छलफल गर्न नगर प्रमुख श्री शान्ति रत्न शाक्यज्यूको अध्यक्षतामा निम्नानुसारका सदस्यहरूको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरू गरेको छ।

-:: उपस्थिति ::-

| क्र.सं. | पद | नाम,थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्ति रत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा दाहाल | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री राम प्रसाद घिमिरे | अनुपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्याम सुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | अनुपस्थित |
| ११ | का.वा.सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्र बहादुर खड्का | उपस्थित |
| १३ | का.वा.सदस्य (वडा नं. ११) | श्री प्रताप कुमार तामाङ | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री राम बहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री राम लाल दुवाल | उपस्थित |
| १६ | का.वा.सदस्य (वडा नं. १४) | श्री कृष्ण प्रधान | उपस्थित |
| १७ | सदस्य | श्री सुभद्रा बजगाईं | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २० | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २१ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २२ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २३ | सदस्य | श्री रवीन्द्र सुनार | उपस्थित |
| २४ | सचिव (प्र.प्र.अ.) | श्री पोषण लामिछाने | उपस्थित |
| २५ | प्रशासकीय अधिकृत | श्री उज्जवल खतिवडा | उपस्थित |

प्रमुख प्रशासकीय अधिकृत

उपप्रमुख

-::छलफलका विषयहरू::-

१.हिउँदे नगर अधिवेशन सम्बन्धमा।
२.नगरपालिका भवनमा ट्रष्ट निर्माण, पार्टेसन, घेराबार तथा मूण्यमाता पुल मर्मतको मूल्याङ्कन सम्बन्धमा
३.विविध।

-::निर्णयहरू::-

**निर्णय नं. १**

बनेपा नगरपालिकको नगर सभाको सत्रौं अधिवेशन मिति २०८२ साल पुस ३० गते बुधबार दिनको २:०० बजे देखि बस्ने गरी आह्वान गर्ने।

**निर्णय नं. २**

बनेपा नगरपालिका वडा नं. ८ अन्तरगर्त बसपार्कको नजिकै रहेको नगर कार्यपालिकाको कार्यालयमा जेन-जी आन्दोलनका क्रममा तोडफोड तथा आगजनी हुँदा नगर कार्यपालिकाको कार्यालय जलेर पूर्ण रूपमा क्षति भएको तथा कार्यालयमा रहेका सम्पूर्ण अभिलेख समेत पूर्ण रूपमा नष्ट भएको विपदको अवस्थामा बनेपा नगरपालिका वडा नं. १० को कार्यालयको भवनबाट सेवा सुचारू गर्नको लागि सो भवनको तेस्रो तल्लामा ट्रस निर्माण, शाखागत कार्यकक्षहरू संचालन गर्नको लागि पहिलो, दोस्रो र तेस्रो तल्लामा आल्मोनियम पार्टिशन, साविकमा संचालनमा रहेको नगरपालिका भवनको सुरक्षाको लागि घेराबार गरिएको कार्य तथा नगरपालिका नजिक रहेको पुण्यमाता खोलाको जीर्ण पुल मर्मत समेतको नगरस्तरीय विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने सम्बन्धमा विस्तृत छलफल गरियो र सोको सम्बन्धमा थप छलफल गर्न आवश्यक देखिएकोले थप छलफल गरी अन्तिम निर्णय आगामी कार्यपालिका बैठकबाट गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

यस नगरपालिका भित्र सञ्चालन हुने तथा प्यान नं. र उपभोक्ता समिति दर्ता प्रमाणपत्र अनिवार्य चाहिने योजनाहरुको हकमा उक्त योजनामा विनियोजित रकमको काम सम्पन्न भए पश्चात स्वतः अस्थायी रुपमा गठित उपभोक्ता समिति खारेज हुने गरी अस्थायी रुपमा उपभोक्ता समिति दर्ता गरी प्रमाण पत्र जारी गर्ने र साविकमा दर्ता भई जारी भएका सोही प्रकृतिका उपभोक्ता समितिहरुको हकमा पनि यसै निर्णय बमोजिम गर्ने/गराउने।

**निर्णय नं. ४**

आ.व.२०८१/८२ को नगर स्वास्थ्य प्रवर्धन कार्यक्रमको भुक्तानी दिन बाँकी रकम आ.व २०८२/८३ मा भुक्तानी दिने प्रयोजनका लागि आगामी हिउँदे नगर सभामा सो कार्यक्रमको नाम समेत समावेश गरी प्रस्ताव पेश गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

उपप्रमुख

निर्णय नं. ५

आ.व.२०८२।०८३ मा १२ नं. वडा कार्यालयबाट सिफारिस भएका देहाय बमोजिम नगरस्तरीय योजनाहरू देहाय बमोजिम संशोधन गरी सञ्चालन गर्न आगामी हिउँदे नगरसभामा प्रस्ताव पेश गर्ने ।

देहायः

| क्र. स. | साविक योजनाको नाम | प्रस्तावित योजनाको नाम | विनियोजित रकम | कै. |
|---|---|---|---|---|
| १ | कुँवरगाँउ बाटो ढलान | सानो खोल्सी बाटो वाल निर्माण | ३,२०,०००/- | |
| २ | खत्रीगाँउ बाटो ढलान | सानो खोल्सी बाटो वाल निर्माण | ३,२०,०००/- | |

निर्णय नं. ६

बनेपा नगरपालिका भित्र जडिबुटी, कवाडी र जीवजन्तु कर संकलन गर्न मिति २०८२/०७/१३ मा ठेक्का आह्वान गरिएकोमा उक्त ठेक्का प्रक्रिया यथास्थितिमा राख्नु भनी मिति २०८२/०८/१२ मा सम्मानित उच्च अदालत पाटनबाट आदेश भएको हुँदा नगरपालिका क्षेत्रभित्र उल्लिखित कर संकलन गर्नको लागि नगरपालिका स्वयंले आवश्यक प्रकृया अघि बढाउने।

निर्णय नं. ७

राज्य पुनर्संरचनापछि हाल बनेपा नगरपालिका ४ नं. वडा कार्यालय भवन सञ्चालनमा रहेको जग्गा साविकमा **पञ्चायतभवन**को नाममा नापी भई उग्रचण्डी नाला गाविसको कार्यालय समेत सञ्चालन गरिएको कित्ता नं.११८ तथा क्षेत्रफल ०-९-२-२ भएको जग्गा दर्ता गर्न छुट भएको हुनाले ४ नं वडा कार्यालयको नाममा छुटजग्गा दर्ता गर्न उल्लिखित वडा कार्यालयलाई जिम्मेवारी दिने।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख

उपप्रमुख